२०८२ सालको ऐन नं. ४

हेटौंडा उपमहानगरपालिका

# हेटौंडा राजपत्र

खण्डः ९ | सङ्ख्याः ४ | मितिः २०८२।१२।०३

## भाग- २

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**<u>हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र विज्ञापन करको व्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२</u>**

**प्रस्तावनाः** वस्तु तथा सेवाको प्रचार प्रसार गरी बजार प्रवर्द्धन गर्न गरिने विज्ञापन तथा तत्सम्बन्धी व्यवसायलाई नियमन गर्न र विज्ञापन करको संकलन प्रक्रियालाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "विज्ञापन कर (व्यवस्थापन तथा नियमन) ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आर्थिक ऐन" भन्नाले हेटौंडा उपमहानगरपालिकाले सालबसाली रुपमा जारी गर्ने आर्थिक ऐन सम्झनुपर्छ ।

(ख) "कर" भन्नाले हेटौंडा उपमहानगरपालिकाको आर्थिक ऐन बमोजिम लगाइने विज्ञापन कर सम्झनुपर्छ ।



हेटौंडा राजपत्र

(ग) प्रदेश भन्नाले बागमती प्रदेश सम्झनुपर्छ ।

(घ) उपमहानगरपालिका भन्नाले हेटौँडा उपमहानगरपालिकालाई सम्झनुपर्छ।

(ङ) "विज्ञापन" भन्नाले कुनै वस्तु, सेवा, कार्यक्रम वा अवसरको बारेमा छापा, विद्युतीय माध्यम, अनलाइन, सामाजिक सञ्जाल, होर्डिङ्ग वोर्ड, बेलुन वा कुनै संरचना लगायतका माध्यमबाट सार्वजनिक रुपमा प्रचार प्रसार गरिएको वा प्रचार गर्ने उद्देश्यले तयार गरिएको शब्द, वाक्य, चित्र, तस्विर, संकेत, पोष्टर, पर्चा, प्रकाश, चिन्ह, संरचना वा जुनसुकै किसिमको श्रब्य, दृश्य, श्रब्यदृश्य वा मुद्रित सामाग्री सम्झनुपर्छ ।

(च) "विज्ञापन एजेन्सी" भन्नाले विज्ञापन सम्बन्धी सामाग्री उत्पादन, वितरण वा विज्ञापन सम्बन्धी व्यवसाय गर्ने गरी प्रचलित कानून बमोजिम स्थापना भएका फर्म, संस्था वा कम्पनी सम्झनुपर्छ।

(छ) "विज्ञापन दाता" भन्नाले आफ्नो पक्षबाट विज्ञापन प्रकाशन, प्रसारण गर्न वा विज्ञापन राख्न लगाउने वा विज्ञापन गर्ने व्यक्ति वा संस्था सम्झनुपर्छ।

(ज) समिति भन्नाले दफा १६(१) बमोजिमको विज्ञापन अनुगमन समिति सम्झनुपर्छ ।

(झ) "होर्डिङ्ग वोर्ड" भन्नाले विज्ञापन प्रदर्शनको लागि राखिएको वा राखिने साधन सम्झनुपर्छ र सो शब्दले डिजिटल डिस्प्ले, चलदृश्य वोर्ड, एलसीडी बोर्ड, लिड बोर्ड, रोलर बोर्ड, ग्लो बोर्ड, नियोन साइन, प्रोजेक्टर, स्टल डिस्प्ले वा यस्तै अन्य प्रविधि वा प्रकारका बाह्य विज्ञापनको साधनलाई समेत जनाउँछ ।

३. **<u>विज्ञापन गर्न सकिनेः</u>** कसैले आफूले बिक्रि वितरण गर्ने वस्तु वा सेवाको गुण वा विशेषता समेत उल्लेख गरी त्यस्ता वस्तु वा सेवाको प्रवर्द्धन गर्न वा उपभोक्ता समक्ष वस्तु वा सेवाको छनोटको जानकारी पुर्याउन वा आफूले आयोजना गरेको कुनै कार्यक्रम वा अवसरको बारेमा जानकारी दिन वा सार्वजनिक हितको लागि कुनै विषयमा जानकारी गराउन प्रचलित कानूनको अधीनमा रही तथा यस ऐन बमोजिम अनुमति लिई विज्ञापन गर्न वा गराउन सक्नेछ ।

४. **<u>विज्ञापन राख्न निवेदन दिनुपर्नेः</u>** (१) कुनैपनि वस्तु, सेवा वा अन्य कुनै कुराको प्रचार प्रसारको लागि उपमहानगरपालिकाको क्षेत्रमा विज्ञापन राख्नुपूर्व विज्ञापनदाताले देहायका विवरणहरु खुलाई उपमहानगरपालिकामा निवेदन दिनुपर्नेछः-

(क) विज्ञापन रहने स्थानः वडा, मार्ग, पथ, घर नं.(नजिकको घर नं.),

(ख) विज्ञापन रहने घर वा जग्गा धनीको तीनपुस्ते खुलेको नाम, थर र ठेगाना,

(ग) विज्ञापन सम्वद्ध व्यक्ति, उत्पादक, संघ, संस्था, फर्म, एजेन्सीको नाम र ठेगाना,

(घ) विज्ञापनको आकार, प्रकार, बनोट, प्रकृति, र संख्या

(ङ) विज्ञापन सामाग्री राख्ने अवधि,

(च) तत्काल विज्ञापन गर्ने वस्तु वा सेवाको प्रकृति,

(छ) उपमहानगरपालिकाले तोकेका अन्य आवश्यक कुराहरु ।

(२) होर्डिङ बोर्डको हकमा उपदफा (१) बमोजिमको निवेदनसाथ होर्डिङ बोर्ड रहने घर वा जग्गाको स्वामित्वकर्ताको जग्गाधनी दर्ता प्रमाण-पूर्जा वा यस्तै अधिकारपत्र वा वहाल सम्झौतापत्र र घरको हकमा निर्माण सम्पन्न प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुमतिका लागि निवेदन पर्न आएमा निवेदन उपर आवश्यक जाँचबुझ गरी अनुमति दिन मनासिव देखिएमा उपमहानगरपालिकाले पन्ध्र दिनभित्र अनुसूची-१

बमोजिम अनुमतिपत्र प्रदान गर्नुपर्नेछ । त्यसरी अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले अनुमतिपत्रमा उल्लिखित अवधि समाप्त भएपछि त्यस्तो विज्ञापन हटाउनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाएको अवस्थामा विज्ञापन गर्न अनुमतिपत्र दिन सकिने छैनः-

(क) यस ऐन वा प्रचलित कानून प्रतिकूल हुने विज्ञापन भएमा,

(ख) सर्वसाधारणलाई आवतजावत गर्न बाधा वा असुबिधा हुने भएमा,

(ग) शहर वा स्थानको प्राकृतिक सौन्दर्यमा प्रतिकूल असर पर्ने भएमा,

(घ) धार्मिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक स्थल वा विश्वसम्पदा सूचीमा सूचिकृत स्थानहरुको मौलिक संस्कृति तथा प्राकृतिक सौन्दर्यमा प्रतिकूल असर पर्ने भएमा,

(ङ) सडक पेटी तथा सार्वजनिक स्थानमा प्रतिकूल असर पर्ने भएमा,

(च) विद्युत, टेलिफोन लगायतका खम्बामा त्यस्तो बोर्ड राख्ने विषयमा,

(छ) सवारी आवागमनमा असर पर्ने भएमा,

(ज) कुनै घरको झ्याल, ढोका छेकी त्यस्तो घरमा हावा र प्रकाश आउन बाधा पुग्ने भएमा,

(झ) सटर तथा भित्ते लेखनको माध्यमद्वारा गरिने विज्ञापन भएमा,

(ञ) संघीय, प्रादेशिक तथा स्थानीय कानूनमा तोकिएको अन्य व्यवस्थाको प्रतिकूल हुने भएमा।

५. **<u>विज्ञापन गर्न नहुनेः</u>** देहायका विषयमा विज्ञापन गर्न पाइने छैनः-

(क) प्रचलित कानूनले उत्पादन, बिक्री वितरण, उपयोग वा प्रयोग गर्न निषेध गरेका कुनै वस्तु, पदार्थ वा सेवाको उत्पादन, बिक्री वितरण, उपयोग वा प्रयोग गर्न प्रोत्साहन गर्ने विषयमा,

(ख) जुवा खेल्न, खेलाउन वा चिठ्ठा किन्न किनाउन प्रोत्साहन गर्ने विषयमा,

(ग) अश्लिल विषय वा तत्सम्बन्धी अन्य विषय, वस्तु वा सेवाको उपयोग वा प्रयोग गर्न वा प्रवर्द्धन गर्न प्रोत्साहन गर्ने विषयमा,

(घ) हतियार वा विस्फोटक पदार्थ वा नेपालको सुरक्षा, शान्ति र व्यवस्थामा खतरा उत्पन्न गर्न सक्ने अन्य यस्तै वस्तु वा पदार्थको उत्पादन, बिक्री, वितरण, उपयोग वा प्रयोग गर्न प्रोत्साहन गर्ने विषयमा,

(ङ) चिकित्सकको सिफारिसमा मात्र बिक्री गरिने औषधीहरुको विषयमा,

(च) नेपालमा बिक्री, वितरण वा प्रयोगको लागि प्रचलित कानून बमोजिम अनुमति लिनुपर्नेमा त्यस्तो अनुमति प्राप्त भई नसकेको वस्तु वा सेवाको विषयमा,

(छ) विद्यालय तथा विश्वविद्यालयको पाठ्यपुस्तक,

(ज) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय ईकाइबीचको सु-सम्बन्ध, सार्वजनिक शान्ति, सुव्यवस्था वा अन्तराष्ट्रिय सम्बन्धमा खलल पुर्याउने विषयमा,

(झ) नेपालको राष्ट्रिय झण्डा, राष्ट्रिय गान, नेपालको निशाना छाप वा त्यसको कुनै वा सबै भाग, राष्ट्रिय विभूतिको अवमूल्यन हुने विषयमा,

(ञ) राज्यद्रोह, गाली बेज्यती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने विषयमा,

(ट) सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने विषयमा,

(ठ) श्रमप्रति अवहेलना गर्न, लैङ्गिक विभेद एवं जातीय छूवाछुत तथा समुदायको सम्बन्धमा खलल पार्ने विषयमा,

(ड) निर्वाचनको स्वच्छतामा प्रतिकूल असर पार्ने विषयमा,

(ढ) ट्रेडमार्क, पेटेण्ट, डिजाइन लगायतका औद्योगिक सम्पत्तिको हकवालाको अनुमति वा स्वीकृति बिना त्यस्तो औद्योगिक सम्पत्तिको प्रयोग गर्ने विषयमा,

(ण) भ्रम वा अफवाह फैलाउने, उत्तेजना फैलाउने, स्वदेशी उत्पादनलाई निरुत्साहित गर्ने किसिमको शब्द, दृश्य एवं संकेतको प्रयोग गर्ने विषयमा,

(त) कानून बमोजिम गोप्य राख्नुपर्ने विषयमा,

(थ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले राजपत्रमा प्रकाशित गरी विज्ञापन गर्न रोक लगाएका विषयमा,

(द) प्रचलित कानूनले विज्ञापन गर्न निषेध गरेका विषयमा।

६. **<u>विज्ञापन गर्न निषेधित क्षेत्र घोषणा गर्न सक्नेः</u>** (१) उपमहानगरपालिकाले कुनै धार्मिक, सांस्कृतिक वा पुरातात्विक स्थल, शैक्षिक वा स्वास्थ्य संस्था वा त्यस्तो स्थल वा संस्थाबाट देखिने निश्चित दुरी भित्र तथा सडक सुरक्षा समेतलाई मध्यनजर गरी सार्वजनिक सडकको दुवै किनारादेखि नगर कार्यपालिकाको निर्णय बमोजिम निश्चित दुरी सम्म सबै प्रकार वा विषयका वा कुनै खास प्रकार वा विषयमा विज्ञापन गर्न नपाउने गरी विज्ञापन निषेधित क्षेत्र घोषणा गर्न सक्नेछ । त्यसरी निषेधित क्षेत्र घोषणा गरेको सूचना स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निषेधित क्षेत्रमा कसैले कुनै विज्ञापन राखेमा आर्थिक ऐनमा तोकिएको जरिवाना बुझाउँन तथा तत्काल त्यस्तो विज्ञापन हटाउन उपमहानगरपालिकाले निर्देशन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको जरिवाना नबुझाएमा वा निर्देशन पालना नगरेमा उपमहानगरपालिकाले त्यस्ता विज्ञापन सामाग्री जफत गरी, उपदफा (२) बमोजिमको जरिवाना असुल उपर गर्नेछ ।

७. **<u>विज्ञापनको आकार, प्रकार र बनौटः</u>** (१) प्रचार-प्रसार गर्ने उद्देश्यले उपमहानगरपालिकाको क्षेत्रभित्र राखिने विज्ञापनको आकार, प्रकार र बनोट सम्बन्धी मापदण्ड नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ। विज्ञापनको प्रकृति र मापन इकाई अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) समितिले निरीक्षणको क्रममा उपदफा (१) बमोजिमको मापदण्ड वा अनुमति लिएको भन्दा फरक प्रकृति र आकारको विज्ञापन राखेको प्रतिवेदन दिएमा उपमहानगरपालिकाले विज्ञापनको स्वामित्वकर्तालाई आर्थिक ऐनमा तोकिएको जरिवाना बुझाउन तथा पन्ध्र दिनभित्र विज्ञापनलाई हटाउन निर्देशन दिनेछ ।

(३) उपदफा (२) बमोजिमको समयभित्र जरिवाना नबुझाई विज्ञापन नहटाएमा उपमहानगरपालिकाले उक्त विज्ञापन जफत गरी उपदफा (२) बमोजिमको जरिवाना असुल उपर गर्नेछ।

८. **<u>होर्डिङ बोर्ड दर्ता गर्नुपर्नेः</u>** (१) यस ऐन बमोजिम होर्डिङ बोर्ड दर्ता गर्न परेका निवेदन उपर जाँचबुझ गरी होर्डिङ बोर्डको दर्ता गर्न मिल्ने देखिएमा आर्थिक ऐनमा तोकिएको कर अग्रीम रुपमै असुल गरी उपमहानगरपालिकाले अनुसूची-३ बमोजिम होर्डिङ बोर्डको दर्ता गरी अनुसूची-४ बमोजिम होर्डिङ बोर्ड दर्ता प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

(२) होर्डिङ बोर्ड दर्ता प्रमाणपत्र हराएमा वा नष्ट भएमा सम्बन्धित विज्ञापनदाताले आर्थिक ऐनमा तोकिएको शुल्क बुझाई प्रतिलिपि प्रमाणपत्र माग गरी उपमहानगरपालिकामा निवेदन दिन सक्नेछ । यसरी प्रतिलिपि प्रमाणपत्र माग भई निवेदन पर्न आएमा उपमहानगरपालिकाले अभिलेख भिडाई प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक वर्षभन्दा कम अवधिको लागि राखिने होर्डिङ बोर्डको हकमा छुट्टै दर्ता प्रमाणपत्रको सट्टा अनुसूची-१ बमोजिमको अनुमतिपत्र मात्र उपलब्ध गराइनेछ।

(४) यस ऐन बमोजिम होर्डिङ बोर्ड दर्ता नगरी कुनै व्यक्तिले विज्ञापन गरेमा आर्थिक ऐनले तोकेको जरिवाना बुझाई पन्ध्र दिनभित्र होर्डिङ बोर्ड दर्ता गर्न उपमहानगरपालिकाले सम्बन्धित होर्डिङबोर्डको स्वामित्वकर्तालाई निर्देशन दिनेछ।

(५) उपदफा (४) बमोजिम निर्देशन दिदाँ पनि तोकिएको अवधिभित्र होर्डिङ बोर्ड दर्ता नगरेमा उपमहानगरपालिकाले उपदफा (४) मा तोकेको जरिवानाको दोब्बर जरिवाना बुझाई एक महिनाभित्र बोर्ड दर्ता गर्न बोर्डको स्वामित्वकर्तालाई पुनः निर्देशन दिनेछ ।

(६) उपदफा (५) बमोजिम दिइएको थप म्यादभित्र पनि होर्डिङ बोर्ड दर्ता नगरेमा उपमहानगरपालिकाले होर्डिङ बोर्ड जफत गरी उपदफा (५) बमोजिमको जरिवाना असुल उपर गर्नुपर्नेछ।

९. **<u>दर्ता नम्वर राख्नुपर्ने</u>**: (१) होर्डिङ बोर्डहरु दर्ता गरी बोर्डको माथिल्लो भागमा दायाँतर्फ दर्ता नं. स्पष्ट देखिने गरी उल्लेख गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता नम्वर राखेको नपाइएमा समितिले पन्ध्र दिनभित्र दर्ता नम्वर राख्न निर्देशन दिनेछ । सो अवधिमा समेत दर्ता नम्वर नराखेमा समितिको प्रतिवेदन बमोजिम उपमहानगरपालिकाले त्यस्ता बोर्डहरु जफत गर्न सक्नेछ ।

१०. **<u>हाल कायम रहेको होर्डिङ बोर्डहरु नियमित गर्नुपर्ने</u>**: (१) यो ऐन लागू हुनुपूर्व उपमहामहानगरपालिका क्षेत्रभित्र राखिएका विज्ञापन सामाग्री तथा होर्डिङ बोर्डको स्वामित्वकर्ताले यस ऐन तथा नगर कार्यपालिकाले तोकेको मापदण्ड बमोजिम विज्ञापन सामाग्री तथा होर्डिङ बोर्डहरु नियमित गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियमित गर्नको लागि उपमहानगरपालिकाले नब्बे दिनको म्याद दिई स्थानीय राजपत्रमा सूचना प्रकाशन गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको म्यादभित्र होर्डिङ बोर्ड नियमित नगरेमा उपमहानगरपालिकाले त्यस्ता विज्ञापनलाई जफत गर्नेछ ।

११. **<u>होर्डिङ बोर्डको नवीकरण गर्नुपर्ने</u>**: (१) यस ऐन बमोजिम अनुमति प्राप्त होर्डिङ बोर्ड प्रत्येक वर्षको लागि आर्थिक ऐनमा तोके बमोजिमको कर तथा अन्य दस्तुरहरु अग्रीम रुपमा बुझाई नवीकरण गर्नुपर्नेछ।

(२) होर्डिङ बोर्डको स्वामित्वकर्ताले नयाँ आर्थिक वर्ष शुरु भएको मितिले पैंतिस दिनभित्र नवीकरण गरिसक्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्याद भित्र नवीकरण नगर्ने विज्ञापनदाताले थप साठी दिन भित्र आर्थिक ऐनमा तोकिए बमोजिम नवीकरण शुल्क र जरिवाना शुल्क बुझाई नवीकरण गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम नवीकरण नगरेमा उपमहामहानगरपालिकाले त्यस्ता होर्डिङ बोर्ड वा सामाग्री हटाउँन वा जफत गर्न वा नष्ट गर्न सक्नेछ । यस ऐन बमोजिम जफत गरिएका सामाग्रीहरु उपमहानगरपालिकाले प्रचलित कानून बमोजिम लिलाम बिक्री गर्नुपर्नेछ ।

(३) कर नतिरी राखेको वा तोकिएको समयभित्र नवीकरण नगरिएका होर्डिङ बोर्ड वा सामाग्री हटाउने, जफत गर्ने वा नष्ट गर्नु अघि उपमहानगरपालिकाले पन्ध्र दिनको सूचना सम्बन्धित विज्ञापन सामाग्री वा बोर्डका स्वामित्वकर्तालाई दिनुपर्नेछ ।

१२. **होर्डिङ बोर्ड स्थापना गर्दा पर्याप्त सुरक्षा व्यवस्था मिलाउनु पर्नेः** (१) उपमहानगरपालिकाले तोकेको स्थानमा होर्डिङ बोर्ड स्थापना गर्न अनुमति पाएको होर्डिङ बोर्डको स्वामित्वकर्ताले उक्त बोर्ड राख्दा पर्याप्त सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) होर्डिङ बोर्डको सुरक्षा व्यवस्था सम्बन्धमा उपमहानगरपालिकाले निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ । यसरी दिएको निर्देशन पालना गर्नु सम्बन्धित होर्डिङ बोर्डको स्वामित्वकर्ताको दायित्व हुनेछ ।

१३. **होर्डिङ बोर्डको नामसारी, ठाउँसारी तथा दर्ता खारेजीको लागि अनुमति लिनुपर्नेः** (१) होर्डिङ बोर्डको नामसारी, ठाउँसारी र दर्ता खारेजी गर्न चाहने विज्ञापनदाताले कर चुक्ता गरी उपमहानगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा लिने दिने व्यक्तिको सम्झौतापत्र वा करारनामा, ठाउँसारी गर्ने घरधनी वा जग्गाधनी सँगको सम्झौतापत्र समेत अध्ययन गरी लिने दिने दुबै पक्षको रोहवरमा उपमहानगरपालिकाले आर्थिक ऐनमा तोकिएको शुल्क लिई होर्डिङ बोर्डको स्वामित्व र विवरण अद्यावधिक गरी होर्डिङ बोर्डको दर्ता प्रमाणपत्रमा सो कुरा उल्लेख गरिदिनु पर्नेछ ।

(३) होर्डिङ बोर्ड एकपटक दर्ता गरिसकेपछि बोर्डको दर्ता खारेजी नगरेसम्म प्रचलित दर अनुसार कर तिर्ने दायित्व होर्डिङ बोर्डको स्वामित्वकर्ताको हुनेछ । होर्डिङ बोर्डमा विज्ञापन सामाग्री नलगाएको वा प्रदर्शन नगरेको कारणले मात्र करमा कुनै छुट हुनेछैन ।

१४. **प्राविधिकबाट उपयुक्तताको सिफारिसः** (१) उपमहानगरपालिकाले तोकेको निश्चित वर्गफुट भन्दा ठूला आकारका होर्डिङ बोर्ड कुनै व्यक्ति वा संस्थाको निजी घर, कौसी, छत वा जग्गामा वा सार्वजनिक स्थानमा राखिने भएमा उक्त बोर्ड दर्ता गर्नुपूर्व सो प्राविधिक हिसावले ठीक भए/नभएको नेपाल इन्जिनियरिङ्ग परिषद्बाट इजाजतपत्र लिएका प्राविधिकमध्येबाट उपयुक्तताको सिफारिसका आधारमा दर्ता गर्नुपर्ने व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा(१) बमोजिम सिफारिस गर्दा आवश्यक पर्ने विवरण उपमहानगरपालिकाले तोके बमोजिम हुनेछ ।

१५. **विज्ञापनमा विज्ञापनकर्ताको नाम, ठेगाना तथा चेतावनीमूलक सन्देश उल्लेख गर्नुपर्नेः** विज्ञापन गरिएको वस्तु वा सेवाको प्रयोग गर्दा हुन सक्ने असर वा अवलम्वन गर्नुपर्ने सावधानीको विषयमा विज्ञापनमा चेतावनीमूलक सन्देश समेत उल्लेख गर्नुपर्नेछ ।

१६. **विज्ञापन अनुगमन समितिः** (१) उपमहामहानगरपालिकाको क्षेत्रभित्र रहेका विज्ञापनको अनुगमन गर्न देहाय बमोजिमको एक विज्ञापन अनुगमन समिति रहनेछः-

(क) राजस्व परामर्श समितिको संयोजक - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी - सदस्य

(ग) सम्बन्धित वडाको वडाध्यक्ष -सदस्य

(घ) पूर्वाधार विकास महाशाखा प्रमुख/प्रतिनिधि -सदस्य

(ङ) राजस्व विभाग/महाशाखा/शाखा प्रमुख -सदस्य सचिव

(२) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१७. **समितिको काम, कर्तव्य र अधिकार:** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सम्बन्धित विज्ञापनदाता वा विज्ञापन एजेन्सीले यस ऐन तथा प्रचलित कानूनले तोकेको विज्ञापनको मापदण्ड पालना गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने,

(ख) खण्ड (क) बमोजिम अनुगमन गर्दा यस ऐन तथा प्रचलित अन्य कानूनको विपरित भए गरेको पाइएमा उक्त विज्ञापन संशोधन गर्न, हटाउन, बन्द गर्न वा अन्य आवश्यक कारवाहीको लागि उपमहानगरपालिकामा सिफारिस सहित प्रतिवेदन गर्ने,

(ग) अनधिकृत रुपमा कर छली गरी विज्ञापन गरेको तथा होर्डिङ बोर्ड राखेको पाइएमा प्रचलित कानून बमोजिम कारवाहीको लागि उपमहानगरपालिकामा सिफारिस गर्ने,

(घ) विज्ञापनलाई व्यवस्थित र नियमन गर्न अनुगमन सम्बन्धी अन्य कार्य गर्ने।

१८. **समितिको प्रतिवेदन उपरको कारबाही:** (१) समितिले दफा १७ को खण्ड (ख) बमोजिम विज्ञापन बन्द गर्न वा हटाउने सिफारिस सहितको प्रतिवेदनको आधारमा उपमहामहानगरपालिकाले विज्ञापनको स्वामित्वकर्तालाई आर्थिक ऐन तथा प्रचलित अन्य कानूनमा तोकिएको जरिवाना बुझाउन तथा पन्ध्र दिनभित्र विज्ञापन लाई तत्काल बन्द गर्न वा हटाउन आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समयभित्र जरिवाना नबुझाई विज्ञापन बन्द नगरेमा वा नहटाएमा उपमहानगरपालिकाले उक्त विज्ञापन सामाग्री जफत गरी उपदफा (२) बमोजिमको जरिवाना असुल उपर गर्नेछ ।

१९. **खेलमैदान मेला कार्यक्रम स्थलमा गरिने विज्ञापनः** (१) उपमहानगरपालिकाको क्षेत्रभित्रमा खेलकुद, ब्यापार-मेला, रमाइलो-मेला लगायत जुनसुकै प्रकारको मेला, महोत्सव सञ्चालन गर्दा त्यसमा गरिने सबै प्रकारको विज्ञापनको लागि आयोजकले उपमहानगरपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिने विज्ञापनमा आयोजकलाई पूर्व स्वीकृति दिदाँ आर्थिक ऐनमा तोकेको दरमा एकमुष्ट रुपमा कर लिएर मात्र दिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम स्वीकृति नलिई मेला महोत्सवमा राखिएका विज्ञापन उपमहानगरपालिकाले जफत गर्नेछ ।

२०. **स्काइ साइन (चङ्गा, बेलुन, प्यारासुट) बाट गरिने विज्ञापनः** कसैले स्काइ साइन (चङ्गा,बेलुन, प्यारासुट) जस्ता माध्यमबाट आफ्नो वस्तु, सेवा वा कार्यक्रमको विज्ञापन गर्ने भएमा आर्थिक ऐनमा तोकिए बमोजिम कर बुझाई उपमहानगरपालिकाबाट स्वीकृति लिएर विज्ञापन गर्न सक्नेछन् ।

२१. **सञ्चार माध्यमले गर्ने विज्ञापनमा कर लाग्नेः** (१) प्रचलित कानून बमोजिम उपमहानगरपालिकाबाट सञ्चालन अनुमति लिई उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सञ्चार माध्यमले कुनै विज्ञापनदाताको विज्ञापन गरिदिए वापत प्राप्त शुल्कमा आर्थिक ऐन बमोजिम लाग्ने कर समेत उठाई उपमहानगरपालिकामा बुझाउनुपर्छ ।

(२) उपदफा (१) बमोजिमको करको रकम सञ्चार माध्यमले विज्ञापनदातालाई उपलब्ध गराउने वीलमा अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

(३) सञ्चार माध्यमले विज्ञापन गरेको सामाग्रीमा कर असुल गरी बुझाए/नबुझाएको सम्बन्धमा समितिले अनुगमन गर्न सक्नेछ र समितिले आवश्यक देखेमा विज्ञापनसँग सम्बन्धित विवरण माग

गर्न सक्नेछ। समितिले यस उपदफा बमोजिम माग गरेको विवरण सञ्चार माध्यमले उपलब्ध गराउनु पर्नेछ।

२२. **सार्वजनिक तथा निजी सवारी साधनमा राखिने विज्ञापनः** (१) उपमहानगरपालिकाको क्षेत्रभित्र दर्ता भएको कम्पनी वा समिति मार्फत् सञ्चालन हुने सवारी साधनमा वा उपमहानगरपालिकाको क्षेत्र भित्र दर्ता भएको निजी सवारी साधनमा वा उपमहानगरपालिकामा बसोबास गर्ने सवारी धनीको निजी सवारी साधनमा विज्ञापन गर्न चाहने व्यक्ति वा संस्थाले उपमहानगरपालिकाबाट अनुमति लिनु पर्नेछ।

(२) उपमहानगरपालिकाले उपदफा (१) बमोजिम अनुमति दिँदा आर्थिक ऐनमा तोके बोजिमको कर असुल गर्नुपर्नेछ।

(३) अनुमति बेगर सवारी साधनमा विज्ञापन गरेको पाइएमा उपमहानगरपालिकाले आर्थिक ऐनमा तोकिए बमोजिमको जरिवाना असुल उपर गर्नुपर्नेछ ।

(४) कुनै उद्योग वा व्यवसायले आफ्नो औद्योगिक उत्पादन वा व्यवसायको नाम र लोगो आफ्नो स्वामित्वमा रहेको सवारी साधनमा राखेमा विज्ञापन कर लाग्ने छैन ।

२३. **प्रतिस्पर्धा गराउन सकिने:** (१) उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्रको कुनै ठाउँ वा क्षेत्र तोकी विज्ञापन क्षेत्रको लागि सूचना आह्वान गर्न सक्नेछ ।

(२) उपदफा (१) को सूचनाबमोजिम विज्ञापन गर्न इच्छुक विज्ञापनदाताहरुको छनोटको प्राथमिकता क्रम बढी रकम कवोल गर्ने विज्ञापनदाताबाट शुरु गर्नुपर्नेछ ।

२४. **सार्वजनिक स्थानमा सार्वजनिक निर्माण सहित विज्ञापन गर्ने सम्बन्धमा:** (१) विज्ञापन गर्ने उद्देश्यले कसैले उपमहानगरपालिकाको क्षेत्रभित्र कुनै खाली सार्वजनिक स्थान वा सडकको दायाँ बायाँको जग्गामा हरियाली प्रवर्द्धन, यात्रु प्रतिक्षालय, वाटिका लगायतका सार्वजनिक संरचनाको निर्माण गरी त्यस्तो स्थानमा होर्डिङ बोर्ड वा विज्ञापन राख्न माग गरी प्रस्ताव पेश गर्न सक्नेछ ।

(२) उपमहानगरपालिकाले उपदफा (१) बमोजिमको प्रयोजनका लागि प्रचलित कानून बमोजिम खुल्ला प्रस्ताव समेत आव्हान गर्न सक्नेछ।

(३) उपमहानगरपालिकाले उपदफा (१) र (२) बमोजिम प्राप्त प्रस्तावमा उल्लिखित सार्वजनिक स्थलको संरक्षण एवं प्रवर्द्धन कार्यक्रम, प्रस्तावको आर्थिक तथा प्राविधिक पक्ष र लाभ-लागत समेतको विश्लेषण गरी उपयुक्त लागेमा त्यस्तो प्रस्ताव छनोट गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम छनौट भई विज्ञापन राख्न अनुमति प्राप्त गर्ने प्रस्तावकबाट उक्त स्थानमा राखिने विज्ञापन बापत आर्थिक ऐनमा तोकेबमोजिमको कर असुल गर्नुपर्नेछ ।

२५. **करको दर तथा करको प्रशासन :**(१) यस ऐनमा उल्लेख भए बमोजिम लिइने विज्ञापन करको दर आर्थिक ऐनमा तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) को अधीनमा रही उपमहानगरपालिकाले संकलन गरेको कर स्थानीय तहको विभाज्य कोषमा दाखिला गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम दाखिला भएको रकमको साठी प्रतिशतले हुने रकम स्थानीय सञ्चित कोषमा र चालीस प्रतिशतले हुने रकम प्रदेश सञ्चित कोषमा मासिक रुपमा दाखिला गर्नुपर्नेछ ।

(४) कर वापत संकलित रकमको मासिक प्रतिवेदन प्रत्येक महिना समाप्त भएको पन्ध्र दिनभित्र आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ ।

२६. **<u>होर्डिङ बोर्डको कर निर्धारणका आधार:</u>** होर्डिङ बोर्डको माध्यमबाट गरिने विज्ञापनमा विज्ञापनको प्रकृति, बोर्डको साइड (एक साइड/दुबै साइड), अवधि, क्षेत्रफल, राखिने स्थान, प्रयोग भएको आकृति समेतलाई आधार मानी कर निर्धारण गरिनेछ ।

२७. **<u>फरक करको दर तोक्न सक्ने:</u>** उपमहानगरपालिकाले शहरीकरण, व्यापारीक क्षेत्र, जन-चाप हुने क्षेत्र समेतको आधारमा आर्थिक ऐनमा फरक-फरक करको दर निर्धारण गरी तोक्न सक्नेछ।

२८. **<u>विज्ञापन कर नलाग्ने:</u>** (१) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह वा सार्वजनिक निकायले सार्वजनिक हित अभिवृद्धि गर्ने उद्देश्यले राखेको सूचना तथा सन्देशमुलक विज्ञापनमा कर लाग्ने छैन ।

(२) गैर-नाफामूलक संस्थाले सामाजिक चेतना अभिवृद्धि गर्ने उद्देश्यले राखिएका विज्ञापनमा उपमहानगरपालिकाले तोकेको करमा आंशिक वा पुरै छुट दिन सक्नेछ।

२९. **<u>कर संकलनमा अन्य तहका सरकारको सहयोग लिन सक्ने:</u>** (१) कर चुहावट नियन्त्रण तथा कर संकलनको कार्यलाई आधुनिक सूचना प्रणालीमा आधारित बनाउन आवश्यक प्रणाली निर्माण तथा सञ्चालनको लागि उपमहानगरपालिकाले प्रदेश सरकारसँग सहयोग लिन सक्नेछ।

(२) यस ऐन कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय प्रशासन तथा प्रहरीसँग समन्वय तथा सहयोग लिन सकिनेछ ।

३०. **<u>विज्ञापन नमानिने:</u>** (१) कुनै वस्तु तथा सेवा प्रदायकले आफूले प्रदान गर्ने वस्तु तथा सेवाको थोक वा खुद्रा मूल्य खुल्ने गरी राखिएको मूल्यसूची र उपमहानगरपालिकाले तोकेबमोजिमको आकारका व्यापार-व्यवसाय वा कार्यालय रहेको स्थानको परिचयपाटीलाई विज्ञापन सामाग्री मानिने छैन ।

(२) उपदफा (१) बमोजिमको परिचयपाटी उपमहानगरपालिकामा व्यवसाय दर्ता भएका व्यवसायीले मात्र राख्न पाउने छन् । एक व्यवसायले एकभन्दा बढी परिचयपाटी राख्न पाउने छैन । परिचयपाटीको आकार उपमहानगरपालिकाले तोके बमोजिम हुनेछ ।

(३) एकभन्दा बढी व्यवसाय सञ्चालन गरिने सपिङ कम्प्लेक्स तथा व्यावसायिक भवनमा छुट्टा छुट्टै परिचयपाटी नराखी एकै स्थानमा एकिकृत रुपमा ठाडो गरी राख्नुपर्नेछ । सुरक्षालाई ख्याल गर्दै परिचयपाटी वा बोर्ड राख्दा घर तथा भवनको कुनै पनि झ्यालढोका नछोपिने गरी राख्नुपर्नेछ ।

३१. **<u>दुरी कायम गर्नुपर्ने:</u>** निजी जग्गामा विज्ञापन बोर्डहरु राख्दा संधियारतर्फ, सडकतर्फ प्रचलित कानूनमा तोकिए बमोजिमको दुरी छोड्नुपर्नेछ । होर्डिङ बोर्डको उचाई बढीमा ३० फिटसम्मको हुनुपर्नेछ ।

३२. **<u>पूर्व स्वीकृति लिनुपर्ने:</u>** कुनै व्यक्ति वा संस्थाले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सरकारी संस्थान वा निकायको स्वामित्वमा रहेको जग्गा वा भवन प्रयोग गरी विज्ञापन राख्न चाहेमा त्यस्तो निकायको पूर्व स्वीकृति लिनुपर्नेछ।

३३. **<u>निजी स्वामित्वको स्थानमा राखिने विज्ञापनमा सहमति हुनुपर्ने:</u>** निजी स्वामित्वको स्थानमा विज्ञापन राख्दा सो स्थानको स्वामित्ववाला वा निजको अधिकार प्राप्त प्रतिनिधिसँग विज्ञापन राख्न सहमति लिनु सम्बन्धित विज्ञापनदाताको दायित्व हुनेछ ।

३४. **<u>विज्ञापन गरेको मानिने:</u>** अन्यथा प्रमाणित नभएसम्म उपमहानगरपालिकाको क्षेत्रमा कसैले विज्ञापन आफूखुसी राखी, टासी छोडेको पाइएमा उक्त विज्ञापनमा विज्ञापन गरिएको वस्तु वा सेवाको उत्पादकले विज्ञापन गरेको मानिनेछ ।

३५. **<u>विज्ञापन सामाग्री हटाउने तथा मेटाउने दायित्वः</u>** (१) विज्ञापनदाताले उपमहानगरपालिकाबाट लिएको स्वीकृतिको समयावधि समाप्त भए पश्चात आफूले राखेका विज्ञापन हटाउने तथा मेटाउने दायित्व सम्बन्धित विज्ञापनदाताको हुनेछ ।

(२) उपदफा (१) बमोजिम विज्ञापन नहटाएमा उपमहानगरपालिकाले सो विज्ञापन सामाग्री जफत गरी आर्थिक ऐनमा तोकिए बमोजिम जरिवाना असुल गर्नेछ।

३६. **<u>विज्ञापनदाताहरुलाई पुरस्कृत गर्न सकिनेः</u>** उपमहानगरपालिकाले वार्षिक रुपमा सबैभन्दा धेरै कर तिर्ने विज्ञापनदाताहरु मध्येबाट उत्कृष्ट करदाता घोषणा गरी पुरस्कृत गर्न सक्नेछ ।

३७. **<u>उजुरी दिन सकिनेः</u>** (१) आफ्नो टोल, बस्ती, इलाका वा समुदायमा कुनै व्यक्ति वा संस्थाले अनुमति नलिई विज्ञापन राखेको, निषेधित क्षेत्रमा विज्ञापन गरेको, आफ्नो निजी स्वामित्वको घर जग्गामा सहमति नलिई विज्ञापन राखेको, नवीकरण नगरी होर्डिङ बोर्ड राखेको देखेमा जो कसैले पनि उपमहानगरपालिकामा उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी पर्न आएमा उपमहानगरपालिकाले समिति खटाई आवश्यक जाचबुझ गराई समितिले दिएको प्रतिवेदनको आधारमा यस ऐन र प्रचलित कानून बमोजिम आवश्यक कारबाही गर्नु पर्नेछ ।

३८. **<u>क्षतिपूर्ति सम्बन्धी ब्यवस्थाः</u>** (१) झुटा र भ्रामक विज्ञापनको आधारमा वस्तु वा सेवाको उपयोग वा उपभोग गर्ने व्यक्ति वा संस्थालाई हानी नोक्सानी तथा क्षति पुगेमा सो को क्षतिपूर्ति तिर्ने दायित्व विज्ञापनदाताको हुनेछ ।

(२) होर्डिङ बोर्डको पर्याप्त सुरक्षाको प्रबन्ध नगरेको कारणबाट कुनै क्षति भएमा क्षतिपूर्ति तिर्ने दायित्व सम्बन्धित होर्डिङ बोर्डको स्वामित्वकर्ताको हुनेछ।

(३) उपदफा (१) र (२) बमोजिम क्षतिपूर्ति दावी सम्बन्धमा निवेदन पर्न आएमा सो सम्बन्धमा उपमहानगरपालिकाले छानवीन गरी आवश्यक कारबाहीको लागि सो सम्बन्धी विषयको क्षेत्राधिकार भएको निकायमा लेखी पठाउनु पर्नेछ।

३९. **<u>विज्ञापन आचारसंहिता बनाउन सक्नेः</u>** उपमहानगरपालिकाले विज्ञापन सम्बन्धी आचारसंहिता बनाई लागू गर्न सक्नेछ ।

४०. **<u>जफत गरिएका विज्ञापन सामाग्री सम्बन्धी व्यवस्थाः</u>** (१) यस ऐन बमोजिम उपमहानगरपालिकाले जफत गरेका विज्ञापन सामाग्रीहरु प्रचलित कानून बमोजिम लिलाम गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम लिलाम बिक्रिबाट प्राप्त आय उपमहानगरपालिकाको सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ ।

४१. **<u>नियम बनाउने अधिकारः</u>** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

४२. **<u>कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउने अधिकारः</u>** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि नगर कार्यपालिकाले आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ।

४३. **<u>अधिकार प्रत्यायोजन सम्बन्धीः</u>** यस ऐन बमोजिम उपमहानगरपालिकालाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार उपमहानगरपालिकाले समिति वा नगर कार्यपालिकाको कार्यालयको अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४४. **<u>अनुसूचीमा थपघट तथा हेरफेरः</u>** नगर कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

## अनुसूची-१

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

**(अनुमति पत्रको ढाँचा)**

दर्ता मिति:

अनुमतिपत्र नं.:

..................... जिल्ला ........................................................ गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/ महानगरपालिकाको वडा नं. ...... मार्ग .......... घर नं......... ठेगाना भएको तपाई श्री.................................................... लाई ............................................. उपमहानगरपालिकाको वडा नं. ....... टोल ............ मार्ग ............ मा अवस्थित श्री .................................. को भवन/जग्गामा ............... वस्तु/सेवाको विज्ञापन गर्न देहायको शर्त पालना गर्नेगरी विज्ञापन कर (व्यवस्थापन तथा नियमन) ऐन, २०८१ को दफा ४ को उपदफा (३) बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ।

जारी गर्ने अधिकृत

हस्ताक्षर:

नाम:

पद:

**<u>शर्तहरु:</u>**

१. विज्ञापन/होर्डिङ बोर्डको आकारः लम्वाई........चौडाई......... उचाई...........को हुनेछ।
२. अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थाले विज्ञापन कर (व्यवस्थापन तथा नियमन) ऐन, २०८१ मा उल्लिखित मापदण्ड भित्र रहेर मात्र विज्ञापन गर्न/राख्न पाउनेछ ।
३. विज्ञापन अनुमतिपत्रको अवधिः ........................ देखि .................... सम्म
४. स्वीकृत विज्ञापन बाहेक फरक विज्ञापन राख्नु परेमा वा स्थान परिवर्तन गर्नु परेमा अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थाले विज्ञापन कर (व्यवस्थापन तथा नियमन) ऐन, २०८१ को दफा १३ बमोजिमको प्रक्रिया पूरा गर्नुपर्नेछ।
५. अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थाले "विज्ञापन कर (व्यवस्थापन तथा नियमन), ऐन २०८१" को प्रावधान उल्लङ्घन गरेमा उपमहानगरपालिकाले विज्ञापन हटाउन लिखित निर्देशन दिन सक्नेछ। सो निर्देशनको पालना गरी अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थाले सो स्थानबाट विज्ञापन हटाउनु पर्नेछ।
६. विज्ञापन/होर्डिङ बोर्ड प्राविधिक दृष्टिले समेत सुरक्षित ढंगले निर्माण तथा राख्ने प्रबन्ध गर्नुपर्नेछ ।
७. विज्ञापन/होर्डिङ बोर्डको कारणबाट हुने हानी नोक्सानीको पूर्ण जिम्मेवार विज्ञापन स्वामित्वकर्ताको हुनेछ ।
८. स्वीकृति प्राप्त गरी विज्ञापन राखि सकेपछि विज्ञापन करको दरमा हेरफेर भएमा सोही अनुसार कर बुझाउनु पर्नेछ ।
९. अनुमतिपत्र प्राप्त व्यक्ति/संस्थाले होर्डिङ बोर्डको दर्ता नम्वर बोर्डमै देखिने गरी माथिल्लो भागमा राख्नु पर्नेछ ।
१०. विज्ञापन/होर्डिङ बोर्डको स्वामित्वकर्ताले नयाँ आर्थिक वर्ष शुरु भएको मितिले ३५ दिनभित्र नवीकरण गरिसक्नु पर्नेछ ।

**अनुसूची-२**

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**<u>उपमहानगरपालिकाले उठाउने विज्ञापन कर प्रयोजनको लागि तोकिएको विज्ञापनको प्रकृति र मापन एकाई</u>**

| सि.नं. | विज्ञापनको प्रकृति | मापन गरिने एकाई | कैफियत |
|---|---|---|---|
| १ | होर्डिङ बोर्डबाट गरिने विज्ञापन<br>१. फ्लेक्स प्रिन्ट<br>२. साइनबोर्ड जस्ता/मेटल<br>३. होर्डिङ बोर्ड (धातुको फ्रेम)<br>४. डिजिटल डिस्प्ले<br>५. चलदृश्य बोर्ड<br>६. एल.सी.डी. बोर्ड<br>७. लिड बोर्ड<br>८. रोलर बोर्ड<br>९. ग्लो साइन बोर्ड<br>१०. नियोन साइन बोर्ड<br>११. प्रोजेक्टर<br>१२. स्टल डिस्प्ले<br>१३. टु. डि. र थ्री.डि. डिस्प्ले बोर्ड<br>१४. ट्राइ भिजन बोर्ड<br>१५. स्कोलर बोर्ड<br>१६. चलचित्र बोर्ड<br>१७. अन्य | वर्गफुट, प्रयोग हुने दिन, राखिने स्थान, विज्ञापनको प्रकृति | |
| २. | स्काइ साइन विज्ञापन<br>१.चङ्गा<br>२. बेलुन<br>३. प्यारासुट<br>४. अन्य | थान, दिन, पटक, प्रकृति | |
| ३. | सञ्चार माध्यमबाट हुने विज्ञापन | वील बमोजिमको रकमको तोकेको प्रतिशत | |
| ४. | ब्यानर (हस्त लिखित वा प्रिन्ट गरिएको)<br>१.रोडक्रस ब्यानर<br>२. ओभरहेड व्रिजमा राखिने<br>३. सवारी साधनमा राखिने<br>४. गेटमा राखिने ब्यानर<br>५. अन्य | वर्गफुट, दिन, लम्वाई, स्थान, आकृति | |
| ६. | सवारी साधनद्वारा गरिने विज्ञापन | सार्वजनिक सवारी वा निजी | |

| | | | |
|---|---|---|---|
| | १.मोटरसाइकल, स्कुटर जस्ता दुई पाङग्रे<br>२. अटो रिक्सा, विद्युतीय रिक्सा, टेम्पो<br>३.कार, जीप, डेलिभरी भ्यान, केवुल कार<br>४. बस, ट्रक, ट्रिपर | सवारी,<br>ब्यानर वा स्टीकर, अस्थायी वा स्थायी पेन्टिङ, एक साइड वा दुई साइड,<br>सवारीको प्रकृति | |
| ७. | मेला, खेलकुद कार्यक्रम, ब्यापार मेला वा सांस्कृतिक प्रदर्शनी अन्य कार्यक्रम | आयोजक वा सञ्चालकबाट एकमुष्ठ वा विज्ञापनको प्रकृति अनुसार वर्ग फुट , अवधि, स्थान | |
| ८. | ट्राफिक आइल्याड | वर्गफुट, स्थान, प्रकृति | |
| ९. | स्टल/स्टेज विज्ञापन | अवधि, विज्ञापनको प्रकृति, वर्गफुट | |

**नोटः** यस अनुसूचीमा उल्लेख नभएका विषय वा क्षेत्रको विज्ञापन प्रकृतिको मापन इकाई उपमहानगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

हेटौंडा राजपत्र

**अनुसूची-३**

(दफा ८ को उपदफा (१) सगँ सम्बन्धित)

**हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय राजस्व विभाग/महाशाखा/शाखा**

**<u>होर्डिङ बोर्ड दर्ता किताव</u>**

होर्डिङ बोर्ड दर्ता नं. (वडा/द.नं./साल).................

१. होर्डिङ बोर्ड रहने घर तथा जग्गा धनीको नामः-

२. होर्डिङ बोर्ड रहने स्थानः- .........वडा.......घर नं.........टोल, मार्ग/..................

३. सार्वजनिक/ पर्ति जग्गा भए सो जग्गा संरक्षण गर्ने सम्बद्ध निकायको नामः-

४. होर्डिङ बोर्ड को आकार, प्रकार र वनौटः-

क) आकारः-...........लम्वाई..........चौडाई..........वर्गफिट

ख) होर्डिङ बोर्ड को प्रकारः- होर्डिङ बोर्ड/साइन बोर्ड/ग्लो बोर्ड/त्रिभिजन बोर्ड.......अनुसूची-२ बमोजिमका अन्य

ग) बनौटः-

घ) होर्डिङ बोर्ड रहने अवधिः ....................... देखि ................... सम्म

५. होर्डिङ बोर्डको स्वामित्वकर्ताको नाम,थर र ठेगानाः-

६. होर्डिङ बोर्ड को स्वामित्व परिवर्तन भएकोमा नामसारी भई हाल साविक हुनेको विवरणः-

| क्र.सं. | साविकवालाको नाम,थर र ठेगाना | हालवालाको नाम,थर र ठेगाना | हाल साविक गरेको मिति |
|---|---|---|---|
| | | | |
| | | | |

७. दर्ता नवीकरणको अध्यावधिक तालिका

| नवीकरण मिति | विज्ञापन विवरण | विज्ञापन सम्बद्ध व्यक्ति/कम्पनी/ फर्म/एजेन्सीको नाम | कर असुल भएको अवधि | कर असुली रकम | दर्ता नं. | अधिकृतको हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची-४

(दफा ८ को उपमहादफा (१) सँग सम्बन्धित)

**हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय राजस्व विभाग/महाशाखा/शाखा**

**<u>होर्डिङ बोर्ड दर्ता प्रमाण-पत्र</u>**

(मुख पृष्ठ)

दर्ता मितिः.......

प्रमाणपत्र नं.................

........................... गाउँपालिका/नगरपालिका/उपमहामहानगरपालिका/महानगरपालिकाको वडा नं. ........ मार्ग.......... घर नं. ........ बस्ने श्री .............................. लाई विज्ञापन कर (व्यवस्थापन तथा नियमन) ऐन, २०८१ को दफा ....... बमोजिम समय समयमा यस उपमहामहानगरपालिकाबाट जारी गरिने आदेश, निर्देशन, सूचनाको पालना गर्ने गरी निम्नानुसारको होर्डिङ बोर्ड राख्न यो प्रमाण-पत्र दिइएको छ ।

**<u>होर्डिङ बोर्डको विवरणः</u>**

१. होर्डिङ बोर्ड रहने घर तथा जग्गा धनीको नामः

२. होर्डिङ बोर्ड रहने स्थानः........वडा........घर नं.......मार्ग/पथ/सडक............

३. सार्वजनिक/पर्ति जग्गा भए सो जग्गा संरक्षण गर्ने सम्बद्ध निकायको नामः

४. होर्डिङ बोर्डको आकार, प्रकार र वनौटः

क) आकारः...........लम्वाई.........चौडाई.........वर्गफिट

ख) होर्डिङ बोर्डको प्रकारः अनुसूची-२ बमोजिमको प्रकार उल्लेख गर्ने ।

ग) वनौटः

घ) होर्डिङ बोर्ड रहने अवधिः ........................ देखि .................... सम्म

५. होर्डिङ बोर्ड स्वामित्वकर्ता/संस्था/एजेन्सीको नाम थरः

६. होर्डिङ बोर्ड स्वामित्वकर्ता वा अधिकार प्राप्त व्यक्तिको ठेगानाः

७. होर्डिङ बोर्डको स्वामित्व परिवर्तन भएकोमा नामसारी भई हाल साविक हुनेको विवरणः-

| क्र.सं. | साविकवालाको नाम,थर र ठेगाना | हालवालाको नाम,थर र ठेगाना | हाल साविक गरेको मिति |
|---|---|---|---|
| | | | |
| | | | |

...............................                                                    ..............................

होर्डिङ बोर्ड स्वामित्वकर्ताको हस्ताक्षर                                                    अधिकृतको हस्ताक्षर

**<u>शर्तहरुः</u>**

१. होर्डिङ बोर्डको स्वामित्वकर्ताले आर्थिक वर्ष शुरु भएको मितिले ३५ दिनभित्र नवीकरण गरिसक्नु पर्नेछ।

२. होर्डिङ बोर्डको स्वामित्व तथा स्थान परिवर्तन गर्नुपरेमा उपमहामहानगरपालिकाबाट पूर्व स्वीकृति लिनुपर्नेछ ।

हेटौंडा राजपत्र

३. विज्ञापन कर (व्यवस्थापन तथा नियमन) ऐन, २०८१ मा उल्लिखित मापदण्ड भित्र रहेर मात्र विज्ञापन गर्न/राख्न पाउनेछ ।

४. होर्डिङ बोर्ड प्राविधिक दृष्टिले समेत सुरक्षित ढंगले निर्माण तथा राख्ने प्रबन्ध गर्नुपर्नेछ ।

५. होर्डिङ बोर्डको कारणबाट हुने हानी नोक्सानीको पूर्ण जिम्मेवार विज्ञापन स्वामित्वकर्ताको हुनेछ ।

६. होर्डिङ बोर्डको दर्ता नम्वर बोर्डमै देखिने गरी माथिल्लो भागमा राख्नु पर्नेछ ।

७. होर्डिङ बोर्ड हटाउनु परेमा लाग्ने कर दस्तुर तिरी उपमहामहानगरपालिकाबाट पूर्व स्वीकृति लिई हटाउन सकिनेछ ।

**<u>पछिल्लो पृष्ठ</u>**

**<u>होर्डिङ बोर्ड दर्ता नवीकरण तालिका</u>**

| नवीकरण मिति | विज्ञापन विवरण | विज्ञापन सम्बद्ध व्यक्ति/कम्पनी/ फर्म/एजेन्सीको नाम | कर असुल भएको अवधि | कर असुली रकम | दर्ता नं. | अधिकृतको हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**<u>आज्ञाले</u>**
**भरत गौतम**
**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र